Education
Public Schools

Ride a bicycle safely




# सडक सुरक्षा जानकारी

**तपाईंका बालबालिका विद्यालय जाँदा र फर्कदा उनीहरुको सुरक्षा तपाईंको जिम्मेवारी हो।**

# साइकललाई सुरक्षित तवरले चलाउनुहोस्

साना बालबालिकाहरुले साईकल, स्कुटर तथा स्केटबोर्ड आफै चलाउन आवश्यक सीपहरु सिक्दा स्थल पर्खालले धेरिएको सुरक्षित क्षेत्र भित्र सिकोस्।

बालबालिकाहरु कम्तीमा १० वर्ष उमेरको नभएसम्म उनीहरुले गाडी तथा सवारी चल्ने बाटोभन्दा पर सवारीहरु चलाउनु पर्छ। उनीहरु चलाउन सिकिरहेका हुनाले उनीहरुसँगै आफू पनि चलाउनुस् वा हिँड्नुस् र कसरी सुरक्षित साइकल चालक बन्ने भनेर सिकाउन महत्वपूर्ण हुन्छ।

१० र १२ वर्षबीचका बालबालिकाहरुले व्यस्त सडकभन्दा टाढा चलाउनु पर्छ।

१६ वर्षमुनिका बालबालिका तथा उनीहरुको साथमा चलाउने चालक तथा उनीहरुलाई सुपरीवेक्षण गर्नेहरुले सडकपेटीमा चलाउनु पर्छ, यदि साइकल चलाउन प्रतिबन्ध संकेत त्यहाँ नभएमा।

**सदैव निम्न कुराहरु गर्न लगाएर आफ्नो बालबालिकालाई सुरक्षित साइकल चालक बन्न सिकाउनुस्ः**

- निम्न लगायतका साइकलको सडक नियमहरुको पालना गरेरः
  - सडकपेटीमा बायाँतिर चलाउन लगाउनुहोस्
  - सडकपेटीमा पैदलयात्रीहरुलाई दायाँ बाटो छोड्न लगाउनुहोस्
  - कारहरु सवारी सडक प्रवेश गरेको वा छोडेको ख्याल गर्न लगाउनुहोस्
- सही तरिकाले मिल्ने साइकल हेल्मेट लगाउन दिनुहोस् – यो कानुन हो
- चहकिलो रङ्गको कपडा लगाउन दिनुहोस्, जस्तैः गञ्जी, ता कि अन्य सडक प्रयोगकर्ताले उनीहरुलाई देख्न सकून्।

**थप सहायताका लागि**

विभागको सडक सुरक्षा शिक्षा कार्यक्रम बारे निम्न वेबसाइटमा जानुहोस्
https://education.nsw.gov.au/road-safety-education वा हेर्नुहोस्
https://education.nsw.gov.au र सडक सुरक्षा शिक्षा खोज्नुहोस्।

**ठुला बालबालिकाहरुका लागि, उनीहरु आफैँले चलाउन सक्ने क्षमताको बारेमा मूल्यांकन गर्दा, निम्न कुराहरु सावधानीपूर्वक सोच्नहोस्ः**

- यात्राका बाटोहरु कति सुरक्षित छन्?
- उनीहरुको चलाउने सीप कस्ता छन्?
- ट्राफिक वातावरणमा उनीहरु त्यहाँको वरपरबारे कत्तिको सचेत छन्?
- अनपेक्षित जोखिमहरुलाई उनीहरुले कति राम्रोसँग व्यवस्थान गर्न सक्छन्?

तपाईंको विद्यालयमा विद्यार्थीहरुले विद्यालय मैदानमा बाइक ल्याउनेबारे प्रकृयाहरु हुनेछन्। ती नियमहरुलाई सधैँभरि तपाईंको बालबालिकाले पालना गरेको सुनिश्चित गर्नुहोस्।

